# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, असार २७ गते २०५२ साल (अतिरिक्ताङ्क १४

## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५२ सालको अध्यादेश नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आर्थिक वर्ष २०५२।५३ को सेवा र कार्यहरुको लागि संचित
कोषबाट केही रकम खर्च गर्न र विनियोजन
गर्न व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावना : आर्थिक वर्ष २०५२।५३ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने सम्बन्धमा तत्काल व्यवस्था गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "विनियोजन अध्यादेश, २०५२" रहेको छ ।

(२) यो अध्यादेश २०५२ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०५२।५३ को निमित्त संचित कोषबाट खर्च गर्ने अधिकार: आर्थिक वर्ष २०५२।५३ को निमित्त अनुसूची १ बमोजिम संचित कोष माथि व्ययभार हुने रकम बाहेक अनुसूची २ को महल ३ मा र अनुसूची ३ को महल ३ मा निर्दिष्ट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

९२८

गरिएका सेवा र कार्यहरुका निमित्त अनुसूची २ को महल ४ मा र अनुसूची ३ को महल ४ मा निर्दिष्ट गरिए बमोजिम जम्मा रु. ४५,८८,६२,०१,०००।- (पैंतालिस अरब अठासी करोड बैसट्ठी लाख एक हजार) मा नबढाई संचित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन : (१) यो अध्यादेशद्वारा संचित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०५२।५३ को निमित्त अनुसूची २ को महल ३ मा र अनुसूची ३ को महल ३ मा निर्दिष्ट गरिएका सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची २ को महल ३ मा र अनुसूची ३ को महल ३ मा निर्दिष्ट गरिएका सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएको रकम कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आयो भने श्री ५ को सरकारले एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० (दश) प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न सक्नेछ ।

तर अनुदान संख्या १०–१ देखि १२–७ सम्मको हकमा विनियोजन भएको रकम जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
225

अनुसूची —१

नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार

संञ्चित कोषमाथि व्ययभार हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | सेवा र कार्य | सञ्चित कोषमाथि व्ययभार हुने रकम (रु. हजारमा) |
| १ | १-१ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ६४१६५ |
| २ | १-२ | राजपरिषद | ४८२९ |
| ३ | १-३ | संसद | २३०० |
| ४ | १-४ | सर्वोच्च अदालत | २३६१७ |
| ५ | १-५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ५५०५ |
| ६ | १-६ | महालेखा परीक्षकको विभाग | २४८८३ |
| ७ | १-७ | लोक सेवा आयोग | २३८०३ |
| ८ | १-८ | निर्वाचन आयोग | ७९६३ |
| ९ | ११-१ | साँवा भुक्तानी | ३१३८३५० |
| १० | ११-२ | व्याज भुक्तानी | ३७१०९४८ |
| ११ | १२-६-४ | दण्ड जरीवाना फिर्ता | २००० |
| | | जम्मा | ७००८३६३ |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

930

अनुसूची —२

दफा २ अनुसार सञ्चित कोषबाट खर्च हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम (रु. हजारमा) |
| १ | १-३ | संसद | ६५८१८ |
| २ | १-९ | महान्यायाधिवक्ताको कार्यालय | ५१६७ |
| ३ | १-१० | न्याय परिषद | १२४९ |
| ४ | २-१ | मन्त्रिपरिषद | १२६४३ |
| ५ | २-२ | श्री ५ को सरकारका सचिवालयहरु | २००४८० |
| ६ | २-३ | जिल्ला प्रशासन | १०१६३१ |
| ७ | २-४ | प्रहरी | १८५१५६१ |
| ८ | २-५ | कारागार | ९५४२० |
| ९ | २-६ | प्रशासन सुधार | १४९६१ |
| १० | २-७ | विविध (साधारण प्रशासन तर्फ) | १५९४४१ |
| ११ | ३-१ | मालपोत | १२७५७३ |
| १२ | ३-२ | भन्सार | ७१७२३ |
| १३ | ३-३ | बिक्रीकर तथा अन्तशुल्क | २३३६६ |
| १४ | ३-४ | कर | ३३५६८ |
| १५ | ३-५ | राजस्व न्यायाधिकरण | १९६२ |
| १६ | ३-६ | राजस्व अनुसन्धान | ८१७८ |
| १७ | ३-७ | राजस्व प्रशासन तालिम | ४१४६ |
| १८ | ४-१ | योजना | ४६५५ |
| १९ | ४-२ | तथ्यांक | २५८२३ |
| २० | ४-३ | महालेखा नियन्त्रक कार्यालय | ७६७२१ |
| २१ | ५-१ | अदालत | २०६१९९ |
| २२ | ६-१ | वैदेशिक सेवा | ३०४००८ |
| २३ | ६-२ | विविध (वैदेशिक सेवा तर्फ) | ७४१३२ |
| २४ | ७-१ | रक्षा | २१५०००० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

939

| | | | |
|---|---|---|---|
| २५ | ७-२ | विविध (रक्षा तर्फ) | ८०४४ |
| २६ | ८-१ | शिक्षा | ४४५८३८४ |
| २७ | ८-२ | स्वास्थ्य | ९६०३३२ |
| २८ | ८-३ | खाने पानी | ११३६८ |
| २९ | ८-४ | स्थानीय विकास | १३८२१ |
| ३० | ८-५ | अन्य सामाजिक सेवाहरु | ३९७३६५ |
| ३१ | ९-१ | कृषि | ७४२१४ |
| ३२ | ९-२ | सिंचाई | ११८७१७ |
| ३३ | ९-३ | भूमिसुधार | ३५५०६ |
| ३४ | ९-४ | नापी | ३६४०९ |
| ३५ | ९-५ | वन | ५३२६३० |
| ३६ | ९-६ | उद्योग तथा खानी | १९५६४१ |
| ३७ | ९-७ | सञ्चार | ४०७४५२ |
| ३८ | ९-८ | यातायात | २४९२७४ |
| ३९ | ९-१० | अन्य आर्थिक सेवाहरु | ४१७७९ |
| ४० | १०-१ | ऋण र लगानी | २१५०० |
| ४१ | १२-१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ६०००० |
| ४२ | १२-२ | सेवा निवृत्त सुविधा | ७३१५०० |
| ४३ | १२-३ | अतिथि सत्कार | २००० |
| ४४ | १२-४ | आकस्मिक सहायता, चन्दा र पुरस्कार | २०० |
| ४५ | १२-५ | मुआव्जा | ५०००० |
| ४६ | १२-६ | अन्य | ३८९३५० |
| ४७ | १२-७ | भैपरी | ९१८५६६ |
| | | जम्मा | १५३३४४७७ |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची — ३

दफा २ अनुसार सञ्चित कोषबाट खर्च हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम (रु. हजारमा) |
| १ | २-६ | प्रशासन सुधार | ५५४२५ |
| २ | ४-१ | योजना | २९३६० |
| ३ | ४-२ | तथ्यांक | २१६३२ |
| ४ | ८-१ | शिक्षा | २४१६९३९ |
| ५ | ८-२ | स्वास्थ्य | १५०३५३४ |
| ६ | ८-३ | खाने पानी | १९८६९६२ |
| ७ | ८-४ | स्थानीय विकास | ३८७२२१४ |
| ८ | ८-५ | अन्य सामाजिक सेवाहरु | ६७०३७२ |
| ९ | ९-१ | कृषि | २६८५९५१ |
| १० | ९-२ | सिंचाई | ३१५४२४३ |
| ११ | ९-३ | भूमिसुधार | १५५०० |
| १२ | ९-४ | नापी | २०५३०९ |
| १३ | ९-५ | वन | ५१६३२० |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

933

| | | | |
|---|---|---|---|
| १४ | ९-६ | उद्योग तथा खानी | ६१८२१५ |
| १५ | ९-७ | सञ्चार | १२८९७३३ |
| १६ | ९-८ | यातायात | ४२०९६०७ |
| १७ | ९-९ | विद्युत | ५७६०६७० |
| १८ | ९-१० | अन्य आर्थिक सेवाहरु | १३८९७३८ |
| १९ | १२-७ | भैपरी | १५०००० |
| | | जम्मा | ३०५५१७२४ |

लालमोहर सदर मिति :- २०५२।३।२७।३

आज्ञाले,

**वेदव्यास क्षेत्री**

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।